# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

मर्स्याङ्दी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८२

पारित मितिः २०८२/०४/२८

# मर्स्याङ्दी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८२

**प्रस्तावना:**

समृद्ध मर्स्याङ्दी गाउँपालिका सुखी जनताको लक्ष्य प्राप्तीको लागी सचेत र सकृय युवाहरुको अपरीहाय लाई महसुष गरी स्वस्थ्य रही अनुशासित पूर्वक खेलको विकस गर्ने त सचेत युवा शक्ति निर्माणको लक्ष सहित गाउँपालिका भित्र छरिएर रहेका युवाहरुलाई गोलबन्द गर्दै, उनीहरुको शारीरिक ÷ मानसिक विकासमा टेवा पुर्याउदै, युवासंग जोडिएको लागु पदार्थ दुब्र्यसनी जस्ता आम समस्या हटाउदै, खेलकुद मार्फत सामाजिक सदभाव कायम गर्न गराउन मात्र नभई व्यवसायीक खेलाडी उत्पादन गर्दै समृद्ध पालिका निर्माणको महाअभियानलाई साथ सहयोग प्रदान गर्न र खेलकुद मार्फत पालिकालाई राष्ट्रिय अन्तराष्ट्रियरुपमा परिचित गराउन दक्ष, सक्षम, एवम प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने महान .उद्देश्यका साथ खेलकुद संग सम्बन्धित संघ संस्थाहरुलाई ऐक्यवद्धताका साथ प्रोत्साहन तथा नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) लाई व्यवस्थित गर्न दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम "मर्स्याङ्दी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

## परिच्छेद - २
## परिभाषा

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको खेलकुद विकास कार्यविधि २०८० "सम्झनु पर्छ ।

(ग) "गाउँपालिका खेलकुद विकास समिति " भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकुद समिति" समेत भनिने छ ।



CamScanner

(घ) "खेलकुद विकास समिति अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिका खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले गाउँपालिका खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य सचिव" भन्नाले गाउँपालिका खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "खेलकुद सम्बन्धी संस्था " भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाल मर्स्याङ्दी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम "भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्कनुपर्छ ।

(ड) "खेलकुद" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ढ) "खेलाडी "भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, जिल्ला, प्रदेश, राष्टिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ण) "प्रशिक्षक" भन्नाले मर्स्याङ्दी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(त) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार,नगद, तकमा, सम्मान पत्र, पुरस्कारलाई सम्झनु पर्दछ ।

## परिच्छेद - ३

## गाउँपालिका खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. गाउँपालिका खेलकुद विकास समितिको गठन (१) खेलकुदको विकास गर्नको लागि मर्स्याङ्दी गाउँपालिकामा देहाय बमोजिमको १ज्ञ सदस्यीय खेलकुद विकास समितिको गठन हुनेछः

(क) मर्स्याङ्दी गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष १ जना

(ख) विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित - २ जना सदस्य

(ग) गाउँपालिका,जिल्ला,प्रदेश,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा - २ जना

(घ) घ मर्स्याङ्दी गाउँपालिका स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट खेलकुद विकास समिति अध्यक्षले मनोनित गरेका सदस्य - ३ सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालयका खेलकुद शिक्षक मध्ये गाउँपालिकाको अध्यक्षद्वारा मनोनित १/१ जना सदस्य - २ सदस्य

(च) गाउँपालिका खेलकुद विकास समितिको अध्यक्षले मनोनित गरेको व्यक्ति - सदस्य सचिव १ जना

(२) संरक्षक 'मर्स्याङ्दी गाउँपालिका अध्यक्ष समितिको संरक्षक हुनेछ ।

४. समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्ति मध्येबाट पाँच सदस्यीय विशेषज्ञ वा सल्लाहकार गठन गर्न सकिनेछ ।

५. गाउँपालिका खेलकुद समिति अन्तरगत आवश्यकताको आधारमा प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ । साथै खेलकुद विधा अनुसारको विभिन्न खेलहरुलाई समेटी उपसमिति गठन गरी परिचालन गर्न सकिनेछ ।

६. गाउँपालिका खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका स्तरमा सञ्चालन गरिने खेलकुद सम्बन्धी क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने ।

(ग) खेलकुदको स्तरमा अभिवृद्धि ल्याउन गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने ।

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसारका विषयवस्तु पाठयक्रम समावेश गर्ने गराउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई स्रोतको व्यवस्थापन गरी अन्य गा.पा.÷न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने ।

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

(छ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने ।

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने, (झ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहन गर्ने,

(ञ) खेलकुदको बिकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी संस्थासंग समन्वय गरी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार स्वदेश वा विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ट) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको प्रवद्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका फरक क्षमता भएका अपाङ्गहरुको खेलकुद विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

(ण) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(त) गाउँपालिकासंग समन्वय तथा सहकार्य गर्दै विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्ने,

(थ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, आधारभुत तह बिद्यालय स्तरीय खेलकुद सञ्चालन गर्ने÷गराउने ।

(द) मर्स्याङ्दी गाउँपालिका स्तरीय अन्तर बिद्यालय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको सन्चालनको लागि आवश्यक रकम उपलब्ध गराउने ।

(ध) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**७. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(क) बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजककों आदेशानुसार बैठकको लागि आवश्यक विषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

**८. समितिका सदस्यहरुको पदावधिः**

१। मनोनीत सदस्यहरूको पदावधि तीन (३) वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछन । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः

समाप्त हुनेछ । (२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

२) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिने छ ।

३) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

९. सदस्यको अयोग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक ।

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

(घ) मगज बिग्रेको ।

(ङ) कम्तिमा १८ बर्ष उमेर पुरा नभएको ।

१०. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा

## परिच्छेद–४
## समितिको बैठक

११. समितिको बैठक र निर्णय

१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) समितिको बैठक प्रत्येक ३ महिनामा अनिवार्य बस्नु पर्नेछ र आवश्यकताको आधारमा सो भन्दा बढी पटक पनि बस्न सक्ने छ ।

५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिब कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरे संयोजकले ७ (सात) दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

७) बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राखेछ ।

## परिच्छेद–५
## टिम, क्लब, संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

### १२. खेलकुद सम्बन्धी संस्थाको दर्ता

(१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १३ बमोजि दर्ता गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ संस्थाले मर्स्याङ्दी गाउँपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

### १३. संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने:

(१) मर्स्याङ्दी गाउँपालिका भित्र सञ्चालित क्लव वा खेलकुद सम्बन्धी समितिहरुले देहायका कुराहरुलाई समितिमा नाम दर्ताको फारम शुल्क रु.५०० सिफारिस शुल्क रु. २५० र दर्ता शुल्क रु. २५० का साथ अनूसूची घ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ:

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस र

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

### १४. खेलकुद सम्वन्धी संस्थाको नाम दर्ता गर्न सक्ने

(१) दफा १३ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगत नाम दर्ता गराई अनूसूची ४ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष रु. ५०० शुल्कका साथ नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित क्रर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ

(२) पहिल्यै दर्ता भइ सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि अनुसूचि ५(ɡ)र को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(३) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची ६ बमोजिम प्रमाण पत्र दिईनेछ । प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसूचि ७ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(५) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन ।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य रु. २५० तिरी नवीकरण गराउनु पर्नेछ ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. (उबल) लिएको हुनु पर्नेछ ।

(८) दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(१०) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नुभन्दा अगाडि गाउँपालिका खेलकुद समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ । साथै प्रतियोगिता सञ्चालन गर्नु भन्दा अगाडी स्थानीय सुरक्षानिकायमा जानकारी गराउनुपर्नेछ ।

(११) गाउँपालिका खेलकुद समितिमा दर्ता भएका टिम, क्लव, संघ संस्थाहरुले गाउँपालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक रकम उपलब्ध गराउन सक्नेछ । समुदायस्तरको खेलकुद प्रवद्र्धनका लागि खेलकुद प्रवद्र्धन शिर्षकबाट आर्थिक सहयता उपलब्ध गराउदा संस्था वा क्लवको कम्तिमा २५ प्रतिशत सहभागीता सुचिश्चित हुनपर्नेछ ।

(१२) गाउँपालिकाको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्याउन गाउँपालिका समक्ष सिफारिस गरि सक्दो आर्थिक सहयोग उपलब्ध गराईने छ ।

(१३) गाउँपालिका खेलकुद समितिले टीम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक, प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढांचा निर्धारण गरि लागू गर्नेछ ।

(१४) उपदफा ११ बमोजिमको सहायता उपलब्ध गराउदा अधिक्तम रु. ४०,०००।— (चालिस हजार) सम्म गाउँपालिका अध्यक्षले सोझै उपलब्ध गराउन सकिने तथा सो भन्दा माथीको रकमको लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

**१५. हेरफेरको सूचना गर्नु पर्ने**

(१) यो कार्यविधि बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिब देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

**१६. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने**

(१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता आर्थिक ऐन बमोजिम तोकिदिएको ढाँचामा राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जांचबुझ खेलकुद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ता जांच गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

(४) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि मर्स्याङ्दी गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(५) कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था हाइड्रोपावर कम्पनी वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) पालिका भित्रका टीम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शुल्क र फारम शुल्क,

(६) यस कोषको संचालन गाउँपालिका खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।

(७) गाउँपालिका खेलकुद समितिको अध्यक्षले बढीमा रु. १०,०००/- सम्मको सामाग्री खरिद वा सेवाको लागि कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरि नियमानुसार फछयौट गर्नुपर्नेछ ।

**१७. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने**

(१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराखे वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्ने छ ।

१८. समितिको स्वीकृति लिनु पर्नेः खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता पालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा मर्स्याङ्दी गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

१९. सदस्यहरुको भत्ताः

(क) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन ।

(ख) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन् ।

## परिच्छेद–६
## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२०. कार्यक्रम तथा बजेटः

(१) खेलकुद विकास पर्वर्नको लागि मर्स्याङ्दी गाउँपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नेछ ।

(२) गाउँपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

(३) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठि गर्ने वा गराउन सक्नेछ ।

(४) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागि भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

(५) मर्स्याङ्दी गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, संघ संस्थाका प्रतिनिधीहरुको ¥याली वा बैठक बोलाउन सक्नेछ ।

२१. खेलकुद प्रतियोगिता व्यवस्थापनः

(क) अन्तर पालिका लगायत विभिन्न जिल्ला, प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराइनेछ ।

(ख) गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागि हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्था निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(२.१) गाउँपालिका भित्र भाग लिन जानेको हकमा:

क) प्रतियोगितामा भाग लिन जाँदा खाना, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुद समितिको निर्णय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३०००/- सम्मको सुविधा दिन सक्नेछ ।

(२.२) गाउँपालिका वाहिर भाग लिन जानेको हकमा :

घ) प्रतियोगितामा भाग लिन जाँदा खाना, वास र यातायातको लागि खर्च उपलब्ध गराईनेछ ।

ङ) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुद समितिको निर्णय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

## परिच्छेद ७

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

२२. खेलकुद पूर्वाधार निर्माण तथा मर्मत:

(क) कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित खेलकुद समिति र आयोजकले व्यवस्था गर्नेछ ।

(ख) विशेष तरिकाले मर्मत गर्नु पर्ने भई सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँपालिका खेलकुद समितिले कोषबाट मर्मत संभार गर्नेछ तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

(ग) खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन मैदान, टर्याक आदि) को व्यवस्था गर्न गाउँपालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद ८
## आचार संहिता

२३. आचार संहिताः (१) खेल सम्बन्धी विषयका खेलाडी समिति संयोजक तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ः:—

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि प्रतिबन्धित लागूऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा नेपाली टिमको बाहुल्यता भएमा मात्र मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेलमा दर्ता नभएका र नविकरण अध्यावधिक नभएको टिमलाई मान्यता दिइनेछैन । (घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ .

(घ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहि कतै बेच्न धरौटी राख्न व उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विघटन हुन गई उक्त क्लबले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्नेछैन ।

(ङ) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइने छैन तर संरक्षण गर्न भने बाधा पर्ने छैन ।

(च) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

(छ) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हटिङ्ग अनुहार, मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(ज) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाका स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(झ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ञ) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन ।

२४. सौजन्यताः दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्नि गाउँपालिकको पूर्व स्वीकृति लिनु पर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद–९
## विविध

२५. जरिवानाः

(१) दर्ता भएका खेलकुद सम्वन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५००/–

(ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०००/–

(२) तीन वर्ष भन्दा वढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीवाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीवाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोपबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिवाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

२६. सजाय

**(क)** समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुयाएमा निजलाई १०,०००/– (दश हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ ।

**(ख)** आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा आर्थिक ऐन अनुसार कारवाही हुनेछ ।

**(ग)** अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा वढी चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता / प्रशिक्षण / व्यवस्थापनमा सहभागि हुन नपाउने गरी गाउँपालिका खेलकुद समितिले निलम्वन गर्न सक्नेछ ।

२७. पुरस्कारः वर्षभरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाउँपालिका खेलकुद समितिको सिफारिसमा गाउँपालिकावाट पुरस्कार तथा सम्मान गरिनेछ ।

२८. खाता सन्चालनः खेलकुद विकास समितिको अध्यक्ष र सदस्य सचिवको अनिवार्य हस्ताक्षरमा खाता सन्चालन गर्न सकिनेछ ।

२९. समितिको छापः खेलकुद विकास समितिको छाप अनुसुची १ बमोजिम हुनेछ ।

३०. समितिको सपथ ग्रहणः खेलकुद विकास समितिको सपथ ग्रहण अनुसुची २ बमोजिम हुनेछ ।

३१. संस्थाको विघटन (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन ।

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ३ वर्षसम्म संस्था नवीकरण नगरेमा, (ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(ग) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

३२. विघटित संस्थाको सम्पत्ति विघटनः भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

३३. असल नियतले गरेको काममा बचाउ ः यस कार्यविधी बमोजिम खेलकुदसम्वन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिने छैन ।

३४. यस कार्यविधीमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ ।

३५. प्रतिवेदनः समितिकाः वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३६. बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अडकाउपरेमा व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

३७. संशोधनः यस कार्यविधिलाइ गाउँकार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

३८. बदर हुनेः यो कार्यविधिमा लेखिएका कुरा संघिय वा प्रदेशिक कानुन संग वाझिएमा वाझिएको हद सम्म स्वतह बदर हुनेछ।

## अनुसूची १

(दफा २९ सँग सम्बन्धित)

गाउँपालिका खेलकुद विकास समितिको छाप देहाय बमोजिमको हुनेछ ।

## अनुसूची २

### (दफा ३० सँग सम्बन्धित)

### सपथ ग्रहणको ढाँचा

म ......................... सत्य, निष्ठापुर्वक प्रतिज्ञा गर्छु÷इश्वरको नाममा सपथ लिन्छु कि नेपाली जनता, नेपालको संविधान तथा प्रचलित अन्य कानुन प्रति पूर्ण वफादार रही सरावल गाउँपालिका खेलकुद विकास समितिको ................... (सपथ लिएको पद उल्लेख गर्ने) पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारी साथ पालना गर्नेछु । सरावल गाउँपालिका खेलकुद समितिमा रहँदा राष्ट्रिय गौरव तथा स्वस्थ नागरिकका लागि खेलकुद भन्ने मूल नारालाई सार्थक वनाउदै खेलकुदको मूल्य, मान्यता समेतलाई अक्षुण राख्दै निःस्वार्थ भावनाले आफनो कर्तव्यप्रति जागरुक रही खेलकुदको माध्यमवाट नेपालको गौरव, मान, प्रतिष्ठा वढाउने कार्यमा सदैव अग्रसर रही रहनेछु । आफनो कर्तव्य पालनाको सिलसिलामा मलाई ज्ञात हुन आएको कुनै गोप्य कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक म पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रकट गर्ने वा सङकेत गर्ने छैन।

**सपथ ग्रहण गराउनेको**

दस्तखतः ...............................

नामः .......................................

पदः .........................................

मितिः .......................................

**सपथ ग्रहण गर्नेको**

दस्तखतः ...............................

नामः .......................................

पदः .........................................

मितिः .......................................

अनुसुची ३

(दफा १३ को उफदफा १ सँग सम्बन्धित)

मितिः ...............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मर्स्याङ्दी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
भुलभुले, लमजुङ ।

**बिषयः संस्था दर्ता सम्बन्धमा ।**

मिति .......................... म/हामीले तपलिशलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धित संस्था दर्ता गर्ने मनसायले ईच्छुक ब्यक्तिहरुको भेलाबाट गठित तर्दथ समितिले संस्थाको विधान समेत तय गरिसकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्विकृती र संस्था दर्ताको लागि आवेदन गरेको छु÷छौं । नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थानः..................................................................................
मर्स्याङ्दी गाउँपालिका वडा नंः .................................... टोलको नामः ................................

| | |
|---|---|
| अध्यक्षः | सचिवः |
| नामः | नामः |
| मितिः | मितिः |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) संस्थाको विधानको मस्यौदा
(ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपी
(ग) संस्थाको छापको नमुना
(घ) संस्थाको निर्णयको प्रतिलिपी



CamScanner

## अनुसूची ४

(दफा १४ को उपदफा १ सँग सम्बन्धित)

मर्स्याङ्दी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

मितिः ..........................

## संस्था दर्ता प्रमाण पत्र

संस्थाको नामः

ठेगानाः

दर्ता हुँदाका बखत रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथी उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ। मर्स्याङ्दी गाउँपालिका खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुद सम्वन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसुची ५

(दफा १४ को उफदफा २ सँग सम्बन्धित)

मितिः .................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
मर्स्याङ्दी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
भुलभुले, लमजुङ ।

**बिषयः संस्था सुचिकृत गरिदिनुहुन ।**

हामीले तपशिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँ कार्यपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नुपर्ने भएकोले नियम अनुसार अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरु**

(क) दर्ता प्रमाण पत्र
(ख) चालू वर्षको लेखा परीक्षण
(ग) कर चुक्ता प्रमाण पत्र
(घ) कार्य समितिको निर्णय

हस्ताक्षरः
अध्यक्षः
नामः
मितिः

हस्ताक्षरः
सचिवः
नामः
मितिः

अनुसुची ६

(दफा १४ को उपदफा ३ सँग सम्बन्धित)

मर्स्याङ्दी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

मितिः............................

संस्था सुचिकृत प्रमाण पत्र

संस्थाको नामः.................................

ठेगानाः ........................................

दर्ता हुँदाका बखत रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथी उल्लेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । सरावल गाउँपालिका खेलकुद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्वन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

## संस्था नविकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसुची ७

(दफा १४ को उफदफा ४ सँग सम्वन्धित)

मितिः.............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मर्स्याङ्दी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय
मर्स्याङ्दी, गाउँपालिका ।

**बिषयः संस्था नविकरण गरि पाउ ।**

.................................................... नामक संस्था यस गाउँपालिकामा दर्ता÷सुचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु/छौं । अतः आर्थिक बर्ष .......... को संस्था नविकरण गरी पाउँ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) आर्थिक बर्ष ............ को लेखा परिक्षण
(ख) संस्थाको वार्षिक गतिविधी
(ग) भावी योजना बजेट ।